# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ भदौ १६ गते

**आयोगका पदाधिकारीद्धारा मानव अधिकारको वर्तमान अवस्था बारे प्रधानमन्त्रीसँग छलफल ।**

राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरुले आज प्रधानमन्त्री सुशील कोइरालालई भेट गर्नुभएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटवार्तामा आयोगका पदाधिकारीहरुद्धारा तराई मधेशको वर्तमान अवस्था, शान्ति सुरक्षा र मानव अधिकारको स्थिति लगायत समसामयिक घटनाको बारेमा चासो र चिन्ता व्यक्त गरिएको थियो ।

छलफलका क्रममा मुलुकका विभिन्न स्थानमा भइरहेको आन्दोलनको निकासको लागि सार्थक पहल गर्न प्रधानमन्त्री कोइरालाई आग्रह गरिएको थियो ।

सो क्रममा प्रधानमन्त्री कोइरालाले वार्ता र संवादको माध्यमबाट समस्याको छिटो निकास खोज्न आफु अथक रुपमा प्रयत्नशील रहेको बताउनुभएको थियो । छलफलमा आयोगका अध्यक्ष अनुपराज शर्मा, सदस्यद्धय प्रकाश वस्ती र सुदीप पाठकको उपस्थिति थियो ।

वेदप्रसाद भट्टराई

का.मु. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org